# ट्यांकरबाट वितरण (आपूर्ति) हुने खानेपानी तथा पानी ढुवानी सम्बन्धमा सार्बजनिक सूचना !!

प्रकाशित मिति २०७३/१०/२० गते ।

काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (पहिलो संशोधन) नियमावली, २०७३ को १५ क. २ को देहाय दफा २ (अ) र ट्यांकर व्यबसाय सेवा संचालन सम्बन्धी निर्देशिका, २०७३ मा निर्दिष्ट प्रावधान अनुसार खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्ने उदेश्यले संचालित वा संचालन हुने ट्यांकर व्यवसायीहरूले व्यवसाय संचालन अनुमती पत्र लिएर मात्र ट्यांकर व्यवसाय सेवा संचालन गर्न गराउन पर्ने व्यबस्था रहेको हुँदा सम्बन्धित व्यक्ति, फर्म, संस्था, कम्पनी, उद्योग वा व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस बोर्डमा सम्पर्क राखी नियमानुसार अनुमती पत्र लिएर मात्र ट्यांकरबाट खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्न गराउन हुन सूचित गरिन्छ ।

अन्यथा अनुमती पत्र नलिई खानेपानी तथा पानीको ट्यांकर व्यवसाय सेवा संचालन गरेको पाईएमा नियमावली तथा निर्देशिकामा तोकिए बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गरिन्छ ।

यस सम्बन्धी विस्तृत विवरण यस बोर्डको वेबसाईट तथा बोर्डको सूचना पाटीमा टाँस गरिएको छ ।

नेपाल सरकार

**काठमाडौं उपत्यका खोनेपानी व्यवस्थापन वोर्ड**

थापाथली, काठमाडौं

फोन नं. ०१-४१००६१०/४१००६११

www.kvwsmb.org.np

# टैंकरबाट वितरण (आपूर्ति) हुने खानेपानी तथा पानी ढुवानी सम्वन्धमा मिति २०७३।१०।२० मा प्रकाशित सार्वजनिक सूचना बमोजिम सो सम्वन्धमा थप विस्तृत विवरण :

***१ टैंकर सेवाद्धारा पानीको व्यसाय संचालनका लागि पेश हुने निवेदनको नमूना (काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड (पहिलो संशोधन) नियमावली २०७३ को अनुसूची ४)***

श्रीमान् कार्यकारी निर्देशक ज्यू,
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड,
थापाथली, काठमाडौं ।

**विषय : ट्यांकर सेवाद्धारा पानीको व्यवसाय संचालन गर्न पाऊँ ।**

महोदय,

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६४, को नियम .....को उपनियम (....) बमोजिम ट्यांकर सेवाद्धारा पानीको आपूर्ति गर्न पाउनको निमित्त देहाय बमोजिमको विवरण उल्लेख गरी नियमानुसार लाग्ने दस्तुर सहित यो निवेदन पेश गरेको छु ।

**विवरण**

१. आववेदकको नाम, थर र विवरण.......
२. पानीको श्रोतको विवरण ..............जिल्ला..........
न.पा. ⁄ गा.वि.स..................ला.न....................स्थान.....
३. ट्यांकर नम्बर...............क्षमता..................
..........................................................
..........................................................
...............................................................
..................................................................
४. पानी आपूर्तिको प्रयोजन
(क) पिउने पानी (ख) अन्य प्रयोजन (पिउने वाहेक)
५. अनुमती पत्र माग गरिएको अवधि :-

निवेदकको दस्तखत :
नाम :
वतन :
मिति :

२ ***पानीको वर्गिकरण तथा टैंकर व्यवसाय सेवा संचालनको प्रयोजन (टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी निर्देशिका २०७३ दफा ४ र सो अन्तर्गत रहेका देहायकका दफाहरु)***

४ **पानीको वर्गिकरण तथा टैंकर व्यवसाय सेवा संचालनको प्रयोजन** :

१ सामान्यतयाः काठमाण्डौ उपत्यका भित्र देखिएका मौजुदा खानेपानी तथा पानीका प्राकृतिक श्रोतहरुको आधारमा टैंकर व्यवसाय सेवा संचालन अनुमती पत्रका लागि निम्नानुसार पानीको वर्गिकरण गरी परिभाषित भए अनुसारको प्रयोजन स्पष्ट रुपमा खुलाई काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड (पहिलो संशोधन) नियमावली २०७३ को अनुसूची ४ बमोजिमको ढाँचामा अनुमती पत्रको लागि निवेदन पेश गर्नुपर्नेछ ।

क) पिउन योग्य खानेपानी

ख) घरायसी प्रयोजनको पानी

ग) पिउन बाहेक अन्य प्रयोजनको पानी

२ माथि ४(१) क), ख) र ग) मा उल्लेखित वर्गिकरण बमोजिम टैंकर व्यवसाय सेवा संचालनका लागि संचालित टैंकरको रंग अनुसूची १, २ र ३ मा उल्लेखित पानीका गुणस्तरका आधारमा अनुसूची ४ मा व्यवस्था भए बमोजिम हुनेछ । भौतिक, रासानिक तथा सुक्ष्म जैविक पारामितिहरुको अधिकतम सघनन् सिमा पुरा नभएको खण्डमा हुनसक्ने हानी/नोक्सानी तथा असरका सामान्य विवरण अनुसूची ६ मा राखिएको छ ।

३ काठमाण्डौ उपत्यका भित्र खानेपानी तथा पानी आपूर्ति गर्ने उद्देश्यले संचालित टैंकर व्यवसाय सेवा संचालन गर्ने सबै टैंकरहरुमा सम्वन्धित संचालकहरुले अनुमती पत्र प्राप्त गरेको मितिले ६ महिना भित्रमा अनिवार्य रुपमा यसै निर्देशिकाको दफा १० (घ) अनुसार पानीको प्रयोजन खुल्ने गरी रंगरोगन गर्न गराउनु पर्नेछ ।

४ यस निर्देशिका बमोजिम टैंकर व्यवसाय संचालनका लागि अनुमती पत्र प्राप्त टैंकरहरुलाई पहिलो पटक खानेपानी तथा पानीको प्रयोजन अनुसार वोर्डबाट अनुमती पत्रसँगै स्टीकर उपलव्ध गराइनेछ । उक्त स्टीकर संचालकले सम्वन्धित टैंकर गाडीमा देखिने गरी टाँस गर्नुपर्नेछ ।

५ माथि ४.१ को खण्ड क, ख र ग बमोजिम टैंकर व्यवसाय सेवा संचालन प्रयोजनका लागि अनुमती पत्र प्राप्त गरी संचालित टैंकर सेवा संचालकले पानीको प्रयोजन परिवर्तन गरी टैंकर व्यवसाय सेवा संचालन गर्न परेमा सम्वन्धित संचालनले यस निर्देशिकाको अधिनमा रही अनुसूची १, २ र ३ मा उल्लेख भए बमोजिम पानीको गुणस्तर प्रमाणित प्रतिलिपि सहित प्रयोजन परिवर्तनका लागि निवेदन दिनुपर्नेछ । निवेदन र सो साथ प्राप्त कागजातको आधारमा वोर्डलाई उचित लागेमा प्रयोजन परिवर्तन गरी अनुमती पत्र दिन सक्नेछ ।

## ३ *टैंकर व्यवसाय सेवा संचालनका लागि आवश्यक कागजात (टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी निर्देशिका २०७३ को दफा ५ र सो अन्तर्गत रहेका देहायका दफाहरु)*

### ५ **टैंकर व्यवसाय सेवा संचालनका लाीग आवश्यक कागजात** :

खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्ने प्रयोजनका लागि अनुमती पत्र माग गर्दा टैंकरबाट वितरण (आपूर्ति) गरिने प्राकृतिक पानीको श्रोत उल्लेख गरी उक्त श्रोतको पानीको गुणस्तर प्रमाणित विवरण सहित निम्नानुसारका कागजात संलग्न गरी वोर्ड समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

क) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ख) टैंकर दर्ताको प्रमाणित प्रतिलिपि

ग) सवारी धनीको नाम खुल्ने व्लु बुकको प्रतिलिपी

घ) स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ङ) रुट परमिटको प्रतिलिपि

च) करचुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपि

छ) कुन कुन श्रोतको पानी उपयोग गर्ने हो उक्त श्रोतको पानीको गुणस्तर विवरणको प्रमाणित प्रतिलिपि

ज) सेवा प्रदायक संस्था भए श्रोत उपयोग अनुमती पत्र र संस्थाको उद्देश्य देखिने कागजात

झ) श्रोत उपयोगकर्तासँग खानेपानी वा पानी वितरण (आपूर्ति) को लागि भएको सम्झौता/करारनामा

ञ) सम्वन्धित स्थानीय निकाय वा सम्वद्ध निकायको सिफारिस पत्र

ट) खानेपानी तथा पानी वितरण (आपूर्ति) व्यवसाय सेवा संचालन गर्न अनुमती पत्र दस्तुर दाखिला गरेको बैंक भौचर

ठ) वोर्डले आवश्यक ठानेको अन्य कागजात

## ४ *टैंकर व्यवसाय सेवा संचालन अनुमती पत्र दिने प्रकृया तथा आधार (टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी निर्देशिका २०७३ को दफा ६ र सो अन्तर्गत रहेका देहायका दफाहरु)*

### ६ **टैंकर व्यवसाय सेवा संचालन अनुमती पत्र दिने प्रकृया तथा आधार** :

१ निवेदनमा उल्लेखित विवरण, संलग्न कागजात तथा दफा ४ (१) मा उल्लेख भए बमोजिम टैंकर व्यवसाय सेवा संचालनको प्रयोजनका आधारमा टैंकरको रंग उल्लेख गरी टैंकर व्यवसाय सेवा संचालन अनुमती पत्र वोर्डले दिन सक्नेछ ।

२ माथि दफा ६ (१) बमोजिम वोर्डले अनुमती पत्र दिँदा टैंकरबाट वितरण हुने पानीको प्रयोजन खोली तोकिए बमोजिमका शर्तहरु पुरा गर्ने गरी अनुमती पत्र दिनेछ ।

***५ टैंकर व्यवसाय सेवा संचालन गर्न वोर्डबाट अनुमती पत्र नलिई व्यवसाय सेवा संचालन ( टैंकर व्यवसाय सेवा संचालन सम्वन्धी निर्देशिका २०७३ को दफा ७)***

७ **वोर्डबाट अनुमती पत्र नलिई टैंकर व्यवसाय सेवा संचालन गर्न पाइने छैन** :

यस निर्देशिकामा भएको प्रावधान बमोजिम अनुमती पत्र लिएर मात्र टैंकर व्यवसाय सेवा संचालन गर्नुपर्नेछ । अनुमती पत्र नलिई सेवा संचालन गरे गराएमा त्यस्ता संचालक, व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई खानेपानी व्यवस्थापन वोर्ड (पहिलो संशोधन) नियमावली, २०७३ को नियम दफा १५.क को ४ (आ) बमोजिम कार्यवाही गर्न सकिन्छ ।

**काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन वोर्ड**
थापाथली, काठमाण्डौ
फोन नं. : ०१-४१००६०९, ०१-४१०००६१०
Email : info@kvwsmb.org.np
www.kvwsmb.org.np